श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३८ सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

आवश्यक वस्तु संरक्षण ऐन, २०१२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : आवश्यक वस्तु संरक्षण ऐन, २०१२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आवश्यक वस्तु संरक्षण (तेस्रो संशोधन) ऐन, २०३८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को दफा २ मा संशोधन : आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

8202

"२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा "आवश्यक वस्तु" भन्नाले देहायको वस्तुहरू र सो साथमा रहेको वा जडान भएको अन्य वस्तुहरूसमेत सम्झनुपर्छः–

(क) टेलिग्राफ, टेलिफोन,
(ख) रोपवे, रेल्वे,
(ग) राजमार्ग, मूल बाटो, पुल,
(घ) ढल, निकासको पाईप लाइन,
(ङ) श्री ५ को सरकार वा कुनै संस्थाले वा श्री ५ को सरकार वा कुनै संस्थाको इजाजत लिई बनाइएको खानेपानीको मुहान,
(च) बिजुली, विद्युत् उत्पादन उपकरणहरू,
(छ) मौसम तथा जलस्रोतसम्बन्धी स्टेशनहरू,
(ज) हवाई अड्डा, हवाई अड्डाको क्षेत्रभित्र वा बाहिर रहेको सञ्चार केबुल लाईन, एण्टेना, रेडियो सञ्चार स्टेशनहरू, पथप्रदर्शक, सुरक्षा, संकेत तथा यस्तै अन्य उपकरणहरू,
(झ) पेट्रोल, पेट्रोलपम्प स्टेशनहरू, फ्यूएल डिपोहरू,
(ञ) सर्वसाधारणको उपयोगको पाटी, पौवा, सत्तलहरू,
(ट) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको जुनसुकै वस्तुहरू ।"

लालमोहर सदर मिति:– २०३८।६।१४।४

आज्ञाले–
धुवबर सिंह भाका
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।